# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराई नेपाल सहायता समूहको बैठकमा भाग लिन फ्रान्सको राजधानी पेरिस जानुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५२।१२।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको

## सूचना १

खण्ड ४३ संख्या २० मिति २०५०।५।१४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित शाखा तथ्यांक कार्यालयहरू स्थापना सम्बन्धी यस सचिवालयको सूचनाको क्र. सं. ३० र ३३ को सट्टा देहायको क्रम संख्या ३० र ३३ राखी हेरफेर गर्ने श्री ५ को सरकारबाट मिति २०५२।१२।१ मा निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | समूहीकृत भएका जिल्लाको नाम | कार्यालय रहने जिल्लाको नाम |
|---|---|---|
| ३०. | डडेलधुरा, बझाङ | डडेलधुरा |
| ३३. | दार्चुला, बैतडी | दार्चुला |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले मिति २०५२।११।१३ को निर्णयानुसार केन्द्रीय तथ्याँक विभागका महानिर्देशक (रा.प. प्रथम श्रेणी) श्री केशवराज शर्माको ३० वर्ष सेवा अवधि पूरा हुने मिति २०५२।११।१६ देखि निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम २ वर्षको सेवा अवधि थप गरेको छ ।

आज्ञाले,
इन्द्रकुमार श्रेष्ठ
श्री ५ को सरकारको का. मु. विशेष सचिव

मुद्रण विभाग, सिंहदरबार

११८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आँधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।